नीलकण्ठ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

धादिङबेशी, धादिङ

## कृषि उपज प्रशोधन केन्द्र सञ्चालनकालागि

## प्रस्ताव आव्हान सम्बन्धी सूचना

(सूचना मितिः २०८२।०७।२७)

हेफर नेपालसंगको साझेदारीमा यस नगरपालिकाको वडा नं. ८, बाहमुरे, धादिङमा निर्माण भएको कृषि उपज प्रशोधन केन्द्र सञ्चालनको लागि योग्यता पुगेका ईच्छुक कृषक समूह वा सहकारी संस्थालाई तपसिलका कागजातसहीत ७ (सात) दिनभित्रमा यस कार्यालयमा प्रस्तावना पेश गर्न आव्हान गरी मिति २०८२।०७।२३ गतेको नगर कार्यपालिकाको निर्णयानुसार यो सूचना प्रकाशन गरिएको छ।

**पेश गर्नुपर्ने कागजातहरु:**

१. प्राविधिक प्रस्तावः

(ख) सहकारी संस्था/ कृषक समूह दर्ता नविकरण प्रमाणपत्र, लेखापरीक्षण प्रतिवेदन र कर चुक्ता प्रमाणपत्र ।

(ग) सम्बन्धित क्षेत्रमा कार्य अनुभव सम्बन्धी कागजातको प्रमाणित प्रति।

(घ) संस्था/समूहको प्रोफाइल

(ङ) कृषि उपज प्रशोधन केन्द्र सञ्चालन गर्ने सम्बन्धी पेश गरेको प्रस्तावना

(च) संस्था/समूह सञ्चालनमा प्रत्यक्ष संलग्न जनशक्ति विवरण र शेयर सदस्य तथा प्रवन्धकहरुको विवरण।

(छ) कालोसूचिमा नपरेको तथा सूचना बमोजिम कार्यगर्न कुनै कानूनबाट अयोग्य नरहेको स्वंघोषणा।

(ज) कृषि उपज प्रशोधन केन्द्र सञ्चालनको शर्त तथा मापदण्ड पालन पालन गर्न मञ्जुर भएको मञ्जुरीनामा।

२. आर्थिक प्रस्तावः कवोल गरेको वार्षिक/मासिक दर र वार्षिकरुपमा खुद नाफाको कति प्रतिशत रकम कृषि उपज प्रशोधन गर्न ल्याउने कृषक तथा लाभग्राहीको हितमा लगाउने भन्ने खुलेको संलग्न ढाँचाको आर्थिक प्रस्तावना।

**पुनश्चः** कार्यालयको न्यूनतम् दर प्रतिमहिना प्रति वर्गफिट रु. १/- रहेको छ। सञ्चालन अवधि चालू आर्थिक वर्षको लागि हुनेछ र आपसी सहमतिमा अवधि थप गर्न सकिनेछ।

**नोटः** प्रस्तावको फाराम रु. १०००/- तिरी कार्यालयबाट लिन सकिनेछ। आर्थिक प्रस्ताव र प्राविधिक प्रस्ताव छुट्टाछुट्टै खाममा राखी पेश गर्नुपर्नेछ। खरिद भएको प्रस्ताव पत्र प्रस्ताव पेश गर्ने अन्तिम दिनको कार्यालय समयभित्रमा दर्ता गरिसक्नुपर्नेछ।प्रस्ताव पेश गर्ने अन्तिम मितिको भोलीपल्ट दिनको १२:०० प्राप्त हुन आएका प्राविधिक प्रस्ताव खोलिने छ । प्रस्ताव स्विकृत गर्ने/नगर्ने सर्वाधिकार यस कार्यालयलाई रहने छ। कृषि उपज प्रशोधन केन्द्र सञ्चालनको शर्त तथा मापदण्ड र प्रस्तावहरुबाट सञ्चालन गर्ने संस्था छनौट सम्बन्धी विस्तृत मापदण्ड यसै सूचनाका साथ संलग्न छ।

..................

हरिदत्त कंडेल

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

## कृषि उपज प्रशोधन केन्द्र सञ्चालनको शर्त तथा मापदण्ड

(नगर कार्यपालिकाको मिति २०८२।०७।२३ गतेको निर्णयानुसार स्विकृत)

हेफर नेपालसंगको साझेदारीमा यस नगरपालिकाको वडा नं. ८, बाह्रमुरेमा निर्माण भएको कृषि उपज प्रशोधन केन्द्र सञ्चालनको शर्त तथा मापदण्ड देहाय बमोजिम छन्।

देहायः

१. कृषि उपज प्रशोधन केन्द्र सञ्चालकले जिल्लाका जुनसुकै स्थानका कृषकहरुले उत्पादन गरेका कृषि उपज लिनुपर्नेछ। केन्द्रको क्षमता नभएको, कृषि उपजको गुणस्तर कम भएको र बजार माग नभएको कारण लिन नसक्ने अवस्था भएको हकमा यो वुदामा लेखिएको कुरा लागू हुनेछैन। केन्द्रले नगरभित्रका कृषकहरुलाई विशेष व्यवस्था गर्नसक्नेछ।

२. केन्द्रमा भएको संरचना तथा मेशिन उपकरणमा विना स्वीकृति तोडमोड गर्न पाईनेछैन। सञ्चालकले संरचना तथा मेशिन उपकरण कुनैपनी हालतमा अन्यलाई विक्रि वितरण वा भाडामा दिन पाइनेछैन।

३. जडान भएको मेशिन तथा भवन संरचनाको मर्मत सम्भारको जिम्मेवारी सञ्चालकको हुनेछ। यसरी मर्मत सम्भार गर्दा कार्यालयको स्विकृति लिनुपर्नेछ।

४. केन्द्रमा भएको संरचना तथा मेशिन उपकरणको संरक्षणको जिम्मेवारी सञ्चालकको हुनेछ। सम्झौता अवधी सकिए पछी दुरुस्त हालतमा कार्यालयलाई बुझाउनुपर्नेछ र सोको फरफारक भएको पत्रसमेत लिनुपर्नेछ।

५. सञ्चालन अवधिमा भएको मर्मत तथा व्यवस्थापकीय खर्चलगायत कुनै पनी खर्चको दावी कार्यालयसंग गर्न पाउनेछैन।

६. कबोल गरेको रकमको ४० प्रतिशतले हुन आउने रकम सम्झौताको समयमा जम्मा गर्नुपर्नेछ। बाँकी ६० प्रतिशत वरावरको रकमको सो आर्थिक वर्षको असार मसान्तसम्मको बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ। उक्त ६० प्रतिशत रकम सम्झौता अवधिसकिन २ महिनाबाँकी रहदासम्ममा भुक्तानी गर्नुपर्नेछ। भुक्तानी नभएमा कार्यालयले बैंक जमानतजफत गरी लिनेछ। यस्तो भएमा सञ्चालकको कुनै दावी रहने छैन।

७. सञ्चालकले आफुले गरेको कार्यको त्रैमासिकरुपमा कार्यालयमा प्रतिवेदन गर्नुपर्नेछ। कार्यालयले दिएको सुझाव पालना गर्नु सञ्चालकको कर्तव्य हुनेछ।

८. सञ्चालकले आफुले पाएको खुद मुनाफाको कम्तिमा २० प्रतिशत रकम कृषि उपज ल्याउने कृषक तथा लाभग्राहीको हितमा खर्च गर्नुपर्नेछ। सोको विवरण सार्वजनिकरुपमा सार्वजनिकिकरण गर्नुपर्नेछ।

९. कृषि उपज तथा प्रशोधन भएका वस्तुको खरिद विक्रि गर्दा प्रचलित कानून बमोजिमका व्यवस्था पालन गर्नुगराउने जिम्मेवारी स्वयं सञ्चालकको हुनेछ।

१०. कृषि उपज प्रशोधन केन्द्र सञ्चालनको लागि कार्यालयले पहिलो आर्थिक वर्षको लागि नगर कार्यपालिकाको निर्णयबमोजिम न्यूनतम् प्रतिमहिना प्रति वर्ग फिट रु. १/- (अक्षेरुपी एक रुपैयाँ मात्र) राखी सार्वजनिक सूचना गरी इच्छुकबाट प्रस्ताव आव्हान गर्नुपर्नेछ। उक्त रकम निर्धारण गर्दा संरचनाको क्षेत्रको आधारमा मात्र निर्धारण गरिएकाले जडान भएका मेशिन उपकरणवापतको थप शुल्क जोडिएको छैन। यो नजोडदा प्रशोधन गर्दा लाग्ने लागत कम भई कृषकको उत्पादन सुपथमूल्यमा बजार जाने हुदाँ उपभोक्तालाई पनी सहुलियत हुने तथा कृषकको लागतमा कम हुदाँ कृषकलाई पनी फाइदा पुग्ने भएकाले यसो गरिएको हो। प्रशोधन केन्द्रको भवनको पेटीवाहेको प्लिन्थ लेभलको जम्मा क्षेत्रफल ३६१८.७१ वर्ग फिट रहेको छ।

११. बुँदा नं. १० बमोजिमको शुल्कमा नगर कार्यपालिकाको निर्णयबाट आवश्यक ठानेमा घटबढ गर्न सक्नेछ। सामान्यतः २।२ वर्षमा प्रचलित नियमानुसार दरले उक्त शुल्कमा बढोत्तरी हुनेछ। पहिलो पटक सार्वजनिक सूचना गरी छानिएको सञ्चालकलाई यस बुँदा बमोजिमको दर बमोजिम कार्य सन्तोषजनक भएको खण्डमा म्याद थप गर्न सकिनेछ। म्याद थप गर्दा एक आर्थिक वर्षको लागिमात्र थपिनेछ।

१२. केन्द्र सञ्चालकले कुनैपनी हालतमा विचौलियाको काम गर्नुहुदैन र गर्न दिनुहुदैन।

१३. केन्द्रको संरचना तथा प्रशोधन केन्द्रबाहेक अन्य कुनै पनी कुरा कार्यालयले उपलब्ध गराउनेछैन। आवश्यक सामग्री, औजार, फर्निचर, कार्यालय व्यवस्थापन, कर्मचारी व्यवस्थापनलगायतका सबै कार्य सञ्चालकले गर्नुपर्नेछ।

१४. विद्युत महशुल, पानी महशुललगायतका महशुल तिर्ने जिम्मेवारी सञ्चालकको हुनेछ। यस मापदण्ड बमोजिम गरिने कार्यहरुको नियमानूसार लाग्ने कर भुक्तानी गर्ने जिम्मेवारी सञ्चालकको हुनेछ।

१५. यस शर्त तथा मापदण्डमा सञ्चालक भन्नाले सार्वजनिक सूचनाबाट छनौट भई कृषि उपज प्रशोधन केन्द्र सञ्चालन गर्न जिम्मा पाएको सहकारी सस्था/कृषक समूहलाई बुझाउनेछ।

०-०-०

नीलकण्ठ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

धादिङबेशी, धादिङ

**कृषि उपज प्रशोधन केन्द्र सञ्चालनको लागि सञ्चालक छनौट मापदण्ड**

(नगर कार्यपालिकाको मिति २०८२।०७।२३ गतेको निर्णयानुसार स्विकृत)

**संक्षिप्त**

हेफर नेपालसंगको साझेदारीमा यस नगरपालिकाको वडा नं. ८, बाह्रमुरेमा निर्माण भएको कृषि उपज प्रशोधन केन्द्र सञ्चालनको लागि सञ्चालक छनौटका मापदण्ड देहाय बमोजिम हुनेछ।

देहाय:

१. कृषि उपज संकलन तथा प्रशोधन केन्द्र सञ्चालनको लागि कार्यालयले कम्तिमा ७ दिन म्याद दिई स्थानीय पत्रिका तथा कार्यालयको वेभपेजमा सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्नुपर्नेछ। पहिलो सूचना गर्दा एउटा पनी प्रस्ताव नपरेमा वा ३ भन्दा कम प्रस्ताव पेश हुन आएमा पुन ७ दिनको म्याद राखी दोस्रो सूचना गर्नुपर्नेछ। दोस्रो सूचना बमोजिम ३ भन्दा कम प्रस्ताव पेश भएमा पनी छनौट प्रक्रिया अगाडी बढाइनेछ।

२. आर्थिक प्रस्ताव तथा प्राविधिक प्रस्तावको फाराम रु. १०००/- तिरी कार्यालयबाट उपलब्ध हुनेछ। प्रस्तावकले आर्थिक प्रस्ताव र प्राविधिक प्रस्ताव छुट्टाछुट्टै खाममा राखी पेश गर्नुपर्नेछ।

३. खरिद भएको प्रस्ताव पेश गर्ने अन्तिम दिन कार्यालय समयभित्र दर्ता गरिसक्नुपर्नेछ। दर्ता हुन आएका प्राविधिक प्रस्ताव यस कार्यालयमा कार्यालयका प्रतिनिधीहरु र प्रस्तावकको रोहबरमा खोलिने छ । साथै प्रस्ताव खोल्ने समयमा दरभाउपत्र दाताको प्रतिनिधी उपस्थित नभएमा खोल्न कुनै बाधा पर्ने छैन। मूल्याङ्कनपश्चात सो मूल्याङ्कनमा कम्तिमा ६० प्रतिशत अंक प्राप्त गर्ने प्रस्तावकको आर्थिक प्रस्ताव खोली मूल्याङ्कन गरिनेछ।

४. प्राविधिक प्रस्तावको मूल्याङ्कनको आधार तथा अंक देहाय बमोजिम हुनेछ।

**कृषि उपज प्रशोधन केन्द्रको सञ्चालन छनौटकालागि प्राविधिक प्रस्तावको मूल्याङ्कनका आधार**

| S.N. | Selected factor for evaluation | Remarks | |
|---|---|---|---|
| 1 | ***Experience of the applicant relating to Assignment*** | | |
| 1.1 | *Experience of the Organization in general* | | |
| 1.2 | Experience in similar work (agri marketing agri product selling) | | |
| 2 | ***Proposal Evaluation*** | | |
| 2.1 | *Over all Quality* | | |
| 2.2 | *Understanding of Objectives /clarity* | | |
| 2.3 | *Quality of Methodology and Work Plan* | | |



नगर प्रमुख प्रशासकीय अधिकृत

CamScanner

नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङबेसी, धादिङ

| | | | |
|---|---|---|---|
| 2.4 | Working and Managing Schedule | | |
| **3** | **Staff for the Assignment and proposed Investment** | | |
| 3.1 | *Proposed investment for the Assignment* | | |
| 3.2 | Number of Full-timer Staff | | |
| **4** | ***Partnership/public engagement in the organization*** | | |
| 4.1 | Type of the organization | | |
| 4.2 | Number of the General member or owners in the applicants' team | | |
| 4.3 | Locality of the applicant's | | |
| **5** | ***Past Work Experience in budget mobilization (Based on last year's transaction in according to Audit Report)*** | | |
| **6** | ***Profile of the Organization*** | | |
| | | | |

५. आर्थिक प्रस्तावको मूल्याङ्कन देहाय बमोजिम गरिनेछ।

| S.N. | *Criteria* | *Remarks* |
|---|---|---|
| 1 | Proposed Amount | |
| 2 | Proposed investment plan of the net profit to the beneficiary | |

६. अन्तिम मूल्याङ्कन गर्दा प्राविधिक प्रस्तावको भार ६० र आर्थिक प्रस्तावको भार ४० हुनेगरी अन्तिम मूल्याङ्कन गरिनेछ।

७. पेश हुन आएका प्रस्ताव मध्ये प्राविधिक मूल्याङ्कनमा अनुर्तिण भएका प्रस्तावकलाई आर्थिक प्रस्तावको मूल्याङ्कनमा लगिनेछैन। आर्थिक प्रस्तावको मूल्याङ्कनमा एउटामात्र प्रस्ताव हुन आएपनि उक्त प्रस्ताव मूल्याङ्कन गरी छनौट सिफारिस गर्न सकिनेछ।

८. छनौट सिफारिस हुने प्रस्तावकलाई छनौट गर्न लागिएको भनी ७ दिनको म्याद राखी आशयको सूचना प्रकाशन गर्नुपर्नेछ।

९. आशयको सूचनापश्चात कुनै उजुरी वा गुनासो आएमा सोको निक्यौल गरी तथा कुनै गुनासो उजुरी नआएको हकमा कार्यालयले ७ दिन भित्रमा सम्झौता गर्न आउन भनी पत्राचार गर्नुपर्नेछ ।

१०. बोलकवोल गरेको रकमको ४० प्रतिशतले हुन आउने रकम(सम्बन्धित आर्थिक वर्षमा वुझाउनुपर्ने जम्मा रकमको ४० प्रतिशत रकम) सम्झौताको समयमा जम्मा गर्नुपर्नेछ। वाँकी ६० प्रतिशत वरावरको रकमको सो आर्थिक वर्षको असार मसान्तसम्मको बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ। उक्त ६० प्रतिशत रकम सम्झौता अवधिसकिन २ महिनावाँकी रहदासम्ममा भुक्तानी गर्नुपर्नेछ। निर्धारीत मितिभित्रमा बुझाउन पर्ने दोस्रो/अन्तिम किस्ताको रकम भुक्तानी नभएमा कार्यालयले बैंक जमानतजफत गरी लिनेछ।

११. सम्झौताका शर्त पालना नभएको खण्डमा सम्झौता कार्यालयले तोडनसक्ने र यसरी सम्झौता तोडनु अगाडी सम्बन्धितलाई सूनुवाईको अवसर दिनुपर्नेछ।

०-०-०